# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस-नोट

१७ असार, २०७७

### यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकार स्थिति अध्ययन प्रतिवेदन सार्वजनिक तीनै तहका सरकारलाई विभिन्न सुझाव

राष्ट्रिय मानव अधिकार आयोगले नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकारको स्थितिका बारेमा गरेको अध्ययन प्रतिवेदन आयोगका तर्फबाट अध्यक्ष अनूप राज शर्माले २०७७ साल असार १७ गते सार्वजनिक गर्नु भएको छ । समलिङ्गी महिला तथा पुरुष, द्विलिङ्गी, तेस्रो लिङ्गी, अन्तरलिङ्गीहरू र यौनिक विकर्षण लगायतका विविध लैङ्गिक तथा यौनिक अभिरूचि हुने व्यक्तिलाई अल्पसंख्यक समुदायमा राखिन्छ । यस समुदायको संख्या २०६८ सालको जनगणना अनुसार १५००, 'अन्य' जनाएर, नागरिकताको प्रमाण पत्र लिनेको संख्या १७० जना र गत निर्वाचनको मतदाता सूचीमा १६७ जना रहेको आँकडाले वास्तविकताको प्रतिनिधित्व नगर्ने आयोगको निर्क्योल छ । सामाजिक कारणले आफ्नो यौनिक परिचय दिन नसक्ने धेरै भएका तथा बाल्यावस्थामा अभिभावक र आफैंलाई आफ्नो लैङ्गिक अभिरूचि थाह नहुने कारणबाट समेत यिनको वास्तविक संख्याका विषयमा यकीन गर्न गाह्रो छ ।

आयोगले झापा, मोरंग, बारा, पर्सा, रौतहट, महोत्तरी, कास्की, रुपन्देही, कैलाली र काठमाडौंमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू सँग अन्तर्क्रिया गरेको छ । २०७६ साल वैशाखदेखि आरम्भ गरिएको अध्ययनबाट यस समुदायका व्यक्तिहरूले मानव अधिकार पूर्ण रुपले उपभोग गर्न नपाउनुका कारण र त्यसका समाधानका उपायहरू समेत औंल्याएको छ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मुख्य आवश्यकता सामाजिक सम्मानको प्रत्याभूति, लैङ्गिक पहिचानसहितको नागरिकता तथा राहदानीको सहज प्राप्ति, समलिङ्गी विवाहलाई मान्यता, लैङ्गिकमैत्री शब्दहरूको प्रयोग, सही तथ्याङ्क, रोजगारी र नीतिगत तहमा आरक्षण एवं स्वास्थ्य र शिक्षामा समुचित प्रवन्ध रहेका छन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको परिप्रेक्ष्यमा गरिएको यस अध्ययनले नेपालको संविधान (२०७२) मा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको हक र हितलाई संरक्षित गरिनु तथा २०६४ सालमै सर्वोच्च अदालतले यस समुदायलाई मान्यता दिई 'महिला' र 'पुरुष' सरह 'अन्य' भनेर वर्गीकरण गर्नुलाई सकारात्मक मानिएको छ । तर, सर्वोच्च अदालतको निर्णयअनुसार सरकारले २०६६ सालमा गठन गरेको अध्ययन समितिको २०७१ सालको सिफारिश प्रतिवेदनबमोजिम समलिङ्गी विवाहलाई अझै मान्यता नदिइनुलाई आयोगले विडम्वनापूर्ण ठहऱ्याएको छ । विश्वका २९ देशले मान्यता दिइसकेको समलिङ्गी विवाहप्रति सकारात्मक हुन आयोगले नेपाल सरकारलाई सिफारिश गरेको छ ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको हक अधिकार संरक्षणको लागि आयोगले गरेका ९ वटा प्रतिवद्धता मध्ये मुख्य रुपमा नागरिकताको प्रमाणपत्र पाउन बाँकी व्यक्तिलाई कानूनी सहयोगका साथ प्रतिनिधित्व गर्ने, शैक्षिक संस्थामा यिनको अपहेलना भई पढाइ बीचमै छाडनु पर्ने अवस्था नआओस् भनेर निरन्तर

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

अनुगमन गर्ने, उखान टुक्का, टेलिशृंखला र साहित्य आदिमा यिनको मानमर्दन हुने शव्दावली तथा दृश्य नसमेट्न सम्बन्धित पक्षलाई आग्रहका साथ अनुगमन गर्ने, सबै निकायमा कर्मचारी भर्ना प्रकृयामा योग्यता अनुसार नोकरीका लागि आरक्षण दिन सकारात्मक हुने र इण्डोनेशियामा सन् २००६ मा यस समुदायको अन्तर्राष्ट्रिय भेलाद्वारा जारी योग्यकार्ता सिद्धान्तप्रति सकारात्मक हुन सरकारलाई गरिएको सिफारिशको निरन्तर अनुगमन गर्ने विषय सामेल छन् ।

संघीय सरकारलाई आयोगले गरेका २४ सिफारिशमा यस समुदायका हक, हित, सुविधा र दायित्व तथा यस समुदायप्रति हुने आपराधिक कार्यविरुद्धको संरक्षण समेतका प्रावधान समेटेर विशेष कानून ल्याउनु पर्ने, अध्ययन र तालिमका लागि छात्रवृत्ति र छात्रावासको प्रवन्ध गर्नुपर्ने तथा रोजगारीको प्रवन्ध गरिदिनु पर्ने विषय समावेश छन् । अन्य सिफारिशमा यस समुदायका व्यक्तिहरूलाई लक्षित गरी खेलकूद, साहित्य, चित्रकारिता, संगीत, मोडलिङ्ग र अन्य कलाकारिताका क्षेत्रमा यिनको प्रतिभा निखार्न आवधिक रुपमा प्रतिष्पर्धा गराउनु पर्ने, नागरिकता र राहदानी लिँदा अपनाउन पर्ने कार्यविधिमा सरलीकरण गर्नुपर्ने, पुरुषबाट महिला र महिलाबाट पुरुष बन्न गरिने शल्यक्रियाका लागि लाग्ने रकमको प्रवन्ध गर्न नसक्नेहरूका लागि कोष स्थापना गर्न एवं यस समुदायका व्यक्तिहरूलाई धर्म सन्तान राख्न दिने कानूनी प्रवन्ध गरी अंश, अपुताली, सम्बन्ध विच्छेद जस्ता कानूनी हक सुविधा दिइनु पर्ने प्रतिवेदनमा उल्लेख छ ।

प्रदेश सरकारलाई गरिएका १३ सिफारिशमा आफ्नो प्रदेशभित्रको यस समुदायका व्यक्तिको लगत राख्न, आवश्यक वजेटको प्रवन्ध गर्न, शिक्षकहरूलाई नियमित रुपमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकमैत्री हुने तालिमको प्रवन्ध गर्न, यस समुदायका व्यक्तिहरू स्वरोजगार हुन भन्ने उद्देश्यका साथ तालिम तथा वीज पूँजी प्रदान र व्यावसायिक संरक्षण दिनुपर्ने विषयहरू मुख्य छन् ।

स्थानीय सरकारलाई गरिएका १३ सिफारिशमा आ-आफ्नो वडा, टोल र गाउँमा यस यौनिक तथा लैङ्गिक अल्पसंख्यक प्रकृतिका सन्तान हुनु सामान्य जैविक कुरा हो भनी परिवारलाई बुझाउन, सामाजिक निन्दा र अपहेलनाबाट जोगाउन अभियान चलाउन, उनका परिवारलाई कुनै पनि किसिमको हिनताबोध हुन नदिन र समाजलाई यो समुदायप्रति मैत्रीभाव राख्न बेला बेलामा जागरण अभियान चलाउने विषय मुख्य छन ।

यस समुदायको हक र हितमा कार्यरत् संघ संस्थाहरूलाई गरिएका ७ आग्रहमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका प्रसिद्ध र स्थापित व्यक्तिहरूको सफलताका कथाहरूको प्रकाशन, सकारात्मक लेख, रचना, संवाद, समाचार आदिको प्रचार प्रसार र २०७८ सालमा हुने जनगणनामा कोही नछुटोस् भनी सक्रिय सहजीकरणको लागि सिफारिश गरिएको छ ।

यस समुदायका मधेशमा रहेका व्यक्तिहरूको समस्या पृथक रहेबाट यिनलाई शोषण र हिंसाबाट जोगाउँदै आर्थिक रुपमा स्वावलम्बी बनाउन विशेष खालका कार्यक्रम ल्याउन आयोगले जोड दिएको छ । शहर र गाउँमा रहेका यस समुदायका व्यक्तिहरूको समस्या पनि समान नरहेबाट विशेष लक्ष्यका साथ कार्यक्रम तर्जुमा गर्न पनि आयोगले सिफारिश गरेको छ ।

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


अध्ययनको क्रममा आयोगले पाएका अन्य दुई गम्भीर समस्याका हकमा समेत प्रसंगवश सरकारलाई सिफारिश गरेको छ । नेपालमा यौन व्यवसाय रहेको तथ्यलाई स्वीकार गर्दै यस व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउने वा नबनाउने समेतका विषयमा गम्भीर भएर अध्ययन गर्न नेपाल सरकारलाई सिफारिश गरेको छ । यसै गरी नेपाल विदेशीहरूका लागि बाल यौन दुराचारको 'स्वर्ग' बन्न जाने खतरा रहेको तर्फ पनि सरकारको ध्यानाकर्षण गराउँदै यसको लागि अझ कडा कानून निर्माण गर्नुका साथै त्यसको प्रभावकारी अनुगमन र कार्यान्वयनका लागि सिफारिश गरिएको छ ।

२०६६।१२।१६

वेद भट्टराई
सचिव/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org